कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालीकोट

☎ ०८७-४४०११८

प.सं. २०७७/७८ मिति:२०७८/१/१९
च.नं. ४00

विषयः सूचना टाँस सम्बन्धमा ।

श्री जिल्ला प्रसाशन कार्यालय, कालीकोट ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, कालीकोट।
श्री प्रदेश लेखा ईकाई, कालीकोट ।
श्री खाडाचक्र/तिलागुफा/रास्कोट/नगरपालिकाको कार्यालय, कालीकोट ।
श्री महाबै/शुभाकालिका/नरहरिनाथ/सान्नीत्रिबेणी/पंचालझरना/पलाता गाउपालिकको कार्यालय, कालीकोट ।

प्रस्तुत विषयमा यस कार्यालयको आ.ब.२०७७/७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार बिभिन्न कार्यक्रम संचालनका लागि आबेदन दर्ता गर्ने सम्बन्धि सूचनाको प्रति ४ यसै पत्रसाथ संलग्न राखी पठाइएको छ, सूचना टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाई दिनुहुन अनुरोध गरिन्छ ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालीकोट

☎ ०८७-४४०११८

पत्र संख्या: २०७७/७८ मिति: २०७८/१/१९

च.नं.

विषय: **आयआर्जन बढाउने कार्यक्रममा सहभागि हुन्या सम्बन्धि रैबार ।**

प्रस्तुत विषयमा यई कार्यालयको आर्थिक वर्ष २०७७/७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइत्या, अपाङ्ग, बेपत्ता तथा सहिद जहानका सदस्यहरुका लागि आयआर्जन भौति गर्ने कार्यक्रम संचालन अर्नु पड्ने भयाकाले यही कालीकोट जिल्लाका इच्छुक लक्षित बर्गहरुबाट समूह मार्फत निबेदन दर्ताका लागि यो रैबार प्रकाशित अरिएको छ । रैबार प्रकाशित समयले ३० दिन भित्त (मिति २०७८/२/१८ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित निबेदन पेश अर्न जानकारी अद्दाछौ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुन्या छैन । यही विषयमा भौति जान्नका लागि कार्यालयको वेबसाइट: *adokalikot.karnali.gov.np* हेर्न वा फोन नं: ०८७४४०११८ फोन अर्न सक्न्या छौ ।

चाहिन्या कागजपत्तहरु

१. समूह मार्फत संचालन गरिने आयमूलक कार्यक्रमहरु चलाउनका लागि कार्य योजना सहितको अनुसूचि १ अनुसारको निबेदन ।
२. अनुसूची २ बमोजिमको प्रतिबद्धता पत्र ।
३. समूह दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. जनयुद्ध, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइत्या, अपाङ्ग, बेपत्ता तथा सहिद जहानका ठेगान खुल्ने प्रमाण-पत्र र नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि ।
५. सम्बन्धित स्थानीय तह वा प्रदेश सभा सदस्यको शिफारिस पत्र ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालीकोट

☎ ०८७-४४०११८

पत्र संख्या: २०७७/७८ मिति: २०७८/१/१९
च.नं.

विषय: **उब्जनीमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा भाग लिन्या सम्वन्धि रैबार ।**

यई कार्यालयको आर्थिक वर्ष २०७७/७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कृषक समूह, कृषि सहकारी संस्था तथा नीजि फार्ममा आबद्ध ब्यावसायिक किसानहरुलाई उब्जनीमा आधारित प्रोत्साहन अनुदान दिन्या कार्यक्रम रह्याको हुँदा कालीकोट जिल्लाका मुन भयाका कृषकहरुबाट कृषक समूह, कृषि सहकारी संस्था तथा नीजि उद्योग मार्फत दरखास्त आह्वानको लागि यो रैबार प्रकाशित अरिएको छ । रैबार प्रकाशित समयले १५ दिन भित्त (मिति २०७८/२/०३ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु साथै राखी आवेदन पेश अर्न जानकारी अद्दाछौ । समय नाघी तथा रित नपुगी प्राप्त भयाका आबेदनउपर कुनै कारबाही हुन्या नाइ । यहि कुराकालागि भौति चासो भयापछी कार्यालयको वेबसाइट: *adokalikot.karnali.gov.np* हेर्न वा फोन नं: ०८७४४०११८ मा फोन अर्न सक्न्या छौ ।

<u>चाहिन्या कागजपत्रहरु:</u>

१. कृषक समूह/सहकारी/फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. संबन्धित स्थानीय तह कृषि बिकास शाखाको सिफारिस ।
३. काम अर्न्या र मुन भयाका किसानको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
४. खेत अथावा गडाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने लालपुर्जाको प्रतिलिपि ।
५. ब्यवसाय संचालन अर्न्या जग्गा भाडामा लियाको भया संझौता-पत्रको प्रतिलिपि ।
६. अनुसूचि ३ बमोजिम बिबरण भर्‍याको निबेदन ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख

**पुनश्च:** *सन्सारै फैलिएको कोभिड-१९ को महामारीलाई बिचार अरी निबेदन तथा अन्य आवश्यक कागजपत्रहरु इमेल मार्फत लिने ब्यवस्था अरियाको छ । त्यहिभएर निबेदन तथा अन्य आवश्यक कागजपत्रहरु स्क्यान गरी कार्यालयको इमेल ठेगाना: adokalikot@gmail.com मा पठाउन जानकारी अद्दाछौं ।*

*गयाका बर्षहरुमा प्रतियोगितामा सहभागि भई प्रोत्साहन अनुदान पायाका किसानहरु वा उनका एका घरका जहानहरुलाई सोही बाली/बस्तुको जाँचमा सहभागि गराइन्या नाइ ।*

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

मान्म, कालीकोट

☎ ०८७-४४०११८

मिति: २०७८/१/१९

पत्र संख्या: २०७७/७८
च.नं.

विषय: **कर्णालीका पँहिचानयोग्य बालीनालीहरुको बजारिकरणका लागि प्रस्ताव लिन्या सम्बन्धि रैबार ।**

यई कार्यालयको आर्थिक वर्ष २०७७/७८ को स्विकृत वार्षिक कार्यक्रम अनुसार कालीकोट जिल्लामा फल्याका कर्णालीको पँहिचान योग्य बालीहरुको बजारिकरणमा सहयोग अर्न्या कार्यक्रम रह्याकाले कालीकोट जिल्लाका मुन भयाका उद्योगी एवं ब्यापारीहरुबाट प्रस्ताव लिन्या सम्बन्धि रैबार अऱ्याका छौ । रैबार अऱ्याका मितिबाट १५ दिन भित्त (मिति २०७८/२/०३ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजपत्रहरु साथै राखी आवेदन पेश अर्न जानकारी अद्दाछौ । समय नाघी तथा रित नपुगी कार्यालयमा आयाका आबेदनउपर कुनै कारबाही हुने नाइ । यहि कुराकालागि भौति चासो भयापछी कार्यालयको वेबसाइट: *adokalikot.karnali.gov.np* हेर्न वा फोन नं: ०८७४४०११८ मा फोन अर्न सक्न्या छौ ।

साथै राख्न पर्ने कागजपत्रहरु:

१. संस्था/फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. ब्यापार संचालन अर्ने जमिन/भवनको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी ।
३. उद्योगी/ब्यापारीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
४. ब्यावसायिक योजना तथा लागत स्टिमेट सहितको बिबरण भरिएको आवेदन ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालीकोट

☎ ०८७-४४०११८

पत्र संख्या: २०७७/७८ मिति: २०७८/१/१९
च.नं.

विषय: **कृषिमा आधारित उद्योग बुनाउने र शुरु अर्ने सम्बन्धि रैबार ।**

यई कार्यालयको आर्थिक वर्ष २०७७/७८ को स्विकृत बार्षिक कार्यक्रम अनुसार कालीकोट जिल्लामा कृषिमा आधारित साना उद्योग बुनाउने तथा शुरु अर्ने कार्यक्रम रह्याकाले इच्छुक कृषि उद्यमीहरुबाट प्रस्ताव आह्वानको लागि यो रैबार अरिएको छ । रैबार अ्याका समयले १५ दिन भित्त (मिति २०७८/२/०३ गतेसम्म) कार्यालय समयमा चाहिन्या कागजपत्रहरु साथै अरी आवेदन दिन रैबार अद्दा छौ । ढिला अरी वा रित नपुगी आयाका निबेदन उपर कुनै कारबाही हुन्या नाई । यहि कुराकालागि भौति चासो भयापछी कार्यालयको वेबसाइट: *adokalikot.karnali.gov.np* हेर्न वा फोन नं: ०८७४४०११८ मा फोन अर्न सक्न्या छौ ।

<u>चाहिन्या आवश्यक कागजपत्रहरु:</u>

१. उद्योग दर्ताको प्रमाण पत्रको प्रतिलिपि
३. कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि
२. उद्योग संचालन अर्न्या जमिन/भवनको लालपुर्जाको प्रतिलिपी । भाडामा लियाको भया भाडाको संझौता कागज ।
३. उद्यमी/ब्यापारीको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
४. उद्योग स्थापना तथा सन्चालन योजना तथा लागत स्टिमेट सहितको बिबरण भरियाको आबेदन ।

(भरत बहादुर बस्नेत)
निमित्त प्रमुख